फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.c

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां वानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७६/७७
चलानी नं.:- १३४६

मिति : २०७६/१२/१६

श्री सहकारी संघ/संस्थाहरु,
सबै ।

**विषय : परिपत्र सम्बन्धमा ।**

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमणवाट मानवीय जीवन रक्षाका लागि नेपाल सरकारद्धारा २०७६ चैत्र ११ देखि जारी गरिएको लकडाउन पूर्ण पालना एवं संक्रमण नियन्त्रणका सम्वन्धमा मुलुकभर रहेका सम्पूर्ण सहकारी संघसंस्थाहरुले देहाय अनुसार गर्नु गराउनु हुन यो परिपत्र जारी गरिएको छ ।

१. असहज र विषम परीस्थितीमा स्थानीय प्रशासनसंग समन्वय गरी आफ्ना सदस्यहरुलाई प्रभावकारी सेवा दिदै सम्पूर्ण प्रकृतिका खाताहरु नियमित रुपमा सञ्चालनमा ल्याउने ।

२. संस्थामा तरलता व्यवस्थापन गर्दै नियमित रुपमा जीवन निर्वाहका लागि भुक्तानी तथा कर्जा प्रवाहको व्यवस्था मिलाउने ।

३. उत्पादन र उपभोक्ता सहकारी संस्थाहरुले उत्पादित सामाग्रीको सहज वितरणको व्यवस्था मिलाउने ।

४. व्यावसायिक सहकारी संस्थाहरुले स्थानीय रुपमा नै मास्क, स्यानिटाइजर जस्ता बस्तुहरु उत्पादन र वितरणको व्यवस्था मिलाउने ।

५. माहामारी नियन्त्रणका लागि सम्भव भएसम्मका माध्यमबाट सचेतना फैलाउने र उपलब्ध भएसम्मका सुरक्षाका सामाग्री वितरण गर्ने ।

६. शंकास्पद बिरामी/सदस्य देखिएमा सुरक्षित तवरले अस्पताल सम्म पुऱ्याउने ब्यवस्था मिलाउने ।

(देवराज लुइटेल)
शाखा अधिकृत